नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(................................................शाखा)

प.सं.: ०८०/८१

च.नं.: ४६८

सिंहदरबार, काठमाण्डौ

## प्रेस विज्ञप्ति

मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको दिनलाई स्मरण गर्दै नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याउने एकजना व्यक्ति र एउटा संस्थालाई २०८० का लागि प्रदान गरिने पुरस्कारका लागि छनौट गरिएका व्यक्ति र संस्थाको नाम सार्वजनिक गरेको छ ।

व्यक्ति तर्फ डा. रेणु राजभण्डारीलाई उहाँले किशोरी, श्रमिक महिला, वैदेशिक रोजगारिमा गएका महिला, वैदेशिक रोजगारीबाट फर्केका महिला, भुमिहिन महिला, दलित महिला, ट्रान्स महिला, मधेशी महिला, मानव बेचबिखनको जोखिममा परेका वा बेचबिखनमा परेका महिला, मनोरञ्जन क्षेत्रका महिलाको रक्षा लगायत महिला अधिकारको क्षेत्रमा उल्लेखनिय कार्य गरी मानव अधिकारको संरक्षण र सम्मानमा पुऱ्याएको योगदानका लागि यो पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ।

त्यसैगरी, संस्थातर्फ श्री मधेश मानव अधिकार गृह (माहुरी होम) लाई उक्त संस्थाले अधिकारबाट वञ्चितिकरणमा परेका व्यक्ति, जाति, वर्ग तथा समुदायको लागि वकालत गर्दै त्यस्ता वञ्चितिकरणमा परेकाको न्यायमा पहुँचको सुनिश्चितताका तथा समाजमा सहअस्तित्व, सदभाव र शान्तिका लागि कार्य गरी मानव अधिकारको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा पुऱ्याएको योगदानका लागि मानव अधिकार पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ।

मानव अधिकार पुरस्कारबाट सम्मानित व्यक्ति तथा संस्थालाई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय हार्दिक बधाई तथा शुभकामना प्रकट गर्दछ। नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय एक विशेष कार्यक्रम आयोजना गरी छिट्टै यो पुरस्कार वितरण गर्नेछ।

२०८० मंसिर २३ गते (डिसेम्बर ९, २०२३)

२०८०/८/२३

(कोशल चन्द्र सुवेदी)

प्रवक्ता